# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) बमोजिमको आ. व. २०८०/८१ को प्रथम त्रैमासिक (असोज मसान्त) सम्मको विवरण

**(क) निकायको स्वरुप र प्रकृतिः**
कम्पनी ऐन २०६३ अर्न्तगत पब्लिक लिमिटेड कम्पनीको रुपमा २०६४ साल आषाढ १२ गते यस सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको स्थापना भएको हो । यस कम्पनीले बीमा ऐन २०४९ बमोजिम मिति २०७४ साल भाद्र ०७ गते बीमा व्यवसायको नियमनकारी निकाय श्री बीमा समितिबाट जीवन बीमा व्यवसाय गर्न इजाजत प्राप्त गरी मिति २०७४ साल कार्तिक ०२ गतेबाट सञ्चालनमा रहेको छ ।

**(ख) निकायको काम, कर्तव्य र अधिकारः**
यस कम्पनीको काम, कर्तव्य र अधिकार कम्पनी ऐन २०६३, बीमा ऐन २०४९, बीमा नियमावली २०४९, र कम्पनीको प्रबन्धपत्रको अधिनमा रही निम्न बमोजिमको काम गर्दै आएको छ ।

- ग्राहकको आवश्यक्ता अनुरुपको जोखिमबाट सुरक्षा र आर्थिक सुनिश्चितता प्रदान गर्ने ।
- सेवाग्राहीको सन्तुष्टिको लागि सेवाग्राही केन्द्रित हुने सीद्धान्तर मान्यतालाई कायम गर्ने ।
- सबै उमेर, वर्ग, समूह वा व्यक्तिलाई आर्थिक सुरक्षा प्रदान गर्न अग्रसर रहने ।
- संस्थागत सुशासन कायम गर्ने, प्रविधिमा आधारित सेवा प्रदान गर्न अग्रसर रहने तथा गुणस्तरीय संस्थागत संस्कृति कायम गर्ने ।
- ग्राहक केन्द्रित नवीनतम जीवन बीमा योजनाहरु पस्कने ।

**(ग) निकायमा रहने कर्मचारी संख्या र कार्य विवरणः**
यस कम्पनीको केन्द्रीय तथा शाखा कार्यालयहरुमा आर्थिक वर्ष २०८०/८१ को प्रथम त्रैमासको अन्त्यसम्म अस्थायी तथा स्थायी गरी जम्मा २९८ जना कर्मचारीहरु कार्यरत छन् जस मध्ये पुरुष कर्मचारीहरुको संख्या १९७ छ भने महिला कर्मचारीहरुको संख्या १०१ रहेको छ । कम्पनीका कर्मचारीहरुलाई कर्मचारी सेवा शर्त विनियमावली बमोजिम कार्य भार विभाजन गरिदै आएको छ ।

**(घ) निकायबाट प्रदान गरिने सेवाः**
यस कम्पनीबाट बीमा समितिद्वारा स्वीकृत विभिन्न जीवन बीमा सम्बन्धी सेवाहरु जस्तै बीमलेख जारी गर्ने, बीमा दाबी फछ्र्यौट गर्ने, अभिकर्ता तालिम संचालन गर्ने लगायतका कार्यहरु गर्दै आइरहेको छ । यस कम्पनीद्वारा उपलब्ध गरिने जीवन बीमा योजनाहरु यस प्रकार छन ।

- सिटिजन जीवन सारथी योजना
- सिटिजन बाल भविष्य जीवन बीमा योजना
- सिटिजन शुभारम्भ बीमा योजना
- सिटिजन अग्रीम भुक्तानी बीमा योजना
- सिटिजन वार्षिक अग्रीम भुक्तानी बीमा योजना
- सिटिजन सुरक्षा योजना
- सिटिजन सामूहिक म्यादी बीमा योजना
- सिटिजन सामूहिक म्यादी जीवन बीमा योजना
- वैदेशिक रोजगार म्यादी जीवन बीमा

**(ङ) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीः**
यस कम्पनीले केन्द्रिय कार्यालयको साथै हाल सम्म १४० वटा शाखाहरु मार्फत सेवा प्रधान गर्दै आइरहेको छ । सेवा प्रदायक शाखाहरु तथा जिम्मेवार अधिकारिहरुको नामावली र सम्पर्क ठेगाना कम्पनीको वेबसाईटमा प्रकाशित गरिएको छ ।

**(च) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः**
बीमा समितिबाट स्विकृत विभिन्न बीमा योजना अन्तर्गत प्रस्तावकको उमेर, लिङ्ग, पारिवारिक इतिहास, पेशा, शैक्षिक योग्यता तथा आर्थिक स्थिती, प्रस्तावकको आचरण, शारीरिक बनावट तथा स्वास्थ्यको अवस्था साथै बीमा योजना तथा अवधिको आधारमा स्विकृत बीमा शुल्क दर लागु गरी बीमालेख जारी गर्ने गरिएको छ । दाबीको हकमा बीमा नियमावली २०४९ ले तोके बमोजिम गर्ने गरिएको छ ।

**(छ) निर्णय गर्ने प्रक्रिया र अधिकारीः**
कम्पनी संचालन सम्बन्धी विभिन्न नियमावली, विनियमावली, दिग्दर्शन एवम् संचालक समितिको निर्णय बमोजिम विषयवस्तुको प्रकृती हेरेर शाखा प्रमुख, विभागीय प्रमुख र प्रमुख कार्यकारी अधिकृतलाई आवश्यक निर्णय गर्ने अधिकार दिइएको छ ।

१. संचालक समिति
२. प्रमुख कार्यकारी अधिकृत
३. विभागीय प्रमुख
४. शाखा प्रमुख

**(ज) निर्णय उपर उजुरी सुन्ने अधिकारीः**
निर्णय उपर उजुरी सुन्ने अधिकारी उजुरी अनुसार शाखा प्रमुख, विभागीय प्रमुख, प्रमुख कार्यकारी अधिकृत तथा संचालक समितिका सदस्यहरु रहेका छन् ।

**(झ) सम्पादन गरेको कामको विवरणः**
कम्पनील बीमा ऐन तथा बीमा नियमावली एवं बीमा समितिबाट जारी निर्देशिका तथा परिपत्र बमोजिम बीमा सेवा प्रधान गर्दै आएको छ ।

**(ञ) सूचना अधिकारी र प्रमुखको नाम र पदः**
- सूचना अधिकारी – सुश्री सभोना सापकोटा
- प्रमुख कार्यकारी अधिकृत – श्री पोषक राज पौडेल

**(ट) ऐन, नियम, विनियम वा निर्देशिकाको सूची**
कम्पनी ऐन, बीमा ऐन तथा नियमावलि, आयकर सम्बन्धी ऐन तथा नियमावली, बीमा समितिबाट जारी बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, सम्पत्ति शुद्धिकरण तथा आतंककारी क्रियाकलाप, वित्तिय लगानी निवारण निर्देशिका तथा बीमा समितिबाट जारी अन्य निर्देशन, परिपत्र एवं कम्पनीको संचालक समितिबाट जारी नीति नियम तथा बिनियमहरु ।

**(ठ) आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण**
यस कम्पनीको आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी त्रैमासिक अद्यावधिक विवरणहरु राष्ट्रिय स्तरको पत्र पत्रिकामा प्रकाशित हुँदै आएको छ साथै यस कम्पनीको वेबसाईटमा पनी उक्त विवरणहरू उपलब्ध छन् ।

**(ड) तोकिए बमोजिमका अन्य विवरण**
अन्य विवरणहरु निर्दिष्ट ढाँचामा तयार गरी सम्बन्धित निकायमा पठाउने गरिएको छ ।

**(ढ) अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजनाको सञ्चालन गरेको भए सो को विवरण** : कम्पनीले संचालन र आयोजना गरेको कार्यक्रम को विवरण कम्पनीको वेवसाइटमा रहेको छ ।

**(ण) सार्वजनिक निकायको वेवसाइट भए सोको विवरण** : www.citizenlifenepal.com

**(त) सार्वजनिक निकायले प्राप्त गरेको बैदेशिक सहायता, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरणः** नभएको

**(थ) सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन**
कम्पनीले संचालन गरेको कार्यक्रम र सो को प्रतिवेदन राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशित हुँदै आएको, कम्पनीको बार्षिक प्रतिवेदनमा उल्लेख गरिँदै आएको र वेबसाईटमा समेत रहेको छ ।

**(द) सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधिः** नभएको

**(ध) सार्वजनिक निकायमा परेको सूचना माग सम्बन्धी निवेदन र सो को उपर सूचना दिइएको विवरणः** नभएको

**(न) सार्वजनिक निकायमा सूचनाहरू अन्यत्र प्रकाशन भएको वा हुने भए सो को विवरण**
राष्ट्रिय स्तरको पत्रपत्रिकामा तथा यस कम्पनीको वेबसाईटमा उपलब्ध छ ।

Citizen Life Insurance
समृद्धि तपाईंको, साथ हाम्रो

**सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड**
एल.एस. कम्प्लेक्स, थापाथली, काठमाडौं
फोनः ०१-५९७०२१७/५३१६०००
Email: info@citizenlifenepal.com | URL: www.citizenlifenepal.com